# शितगंगा नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय

ठाडा, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

प.सं.:-२०८२/०८३
च.नं.:-

केन्द्राध्यक्षका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना।
(मितिः- २०८२।११।२८)

प्रस्तुत विषयमा आधारभूत शिक्षा परीक्षा समितिको मिति २०८२।११।२८ गतेको निर्णय अनुसार शैक्षिक सत्र २०८२ को नगरस्तरीय आधारभूत शिक्षा परीक्षा (कक्षा-८) सञ्चालनका लागि तपसिल बमोजिमका योग्यता पुगेका स्थायी शिक्षकहरुबाट केन्द्राध्यक्ष खटाइने भएकाले इच्छुक योग्यता पुगेका शिक्षकहरुबाट आजका मितिले ३ दिन भित्र यस कार्यालयको शिक्षा, युवा तथा खेलकुद शाखाको इमेल ठेगाना **edushitaganga@gmail.com** वा सोझै यस कार्यालयमा आवेदन पेश गर्नका लागि यो सूचना प्रकाशन गरिएको बेहोरा सम्बन्धित सबैमा जानकारीका लागि अनुरोध छ ।

तपसिलः

१. केन्द्राध्यक्ष हुनका लागि आवश्यक योग्यताः- माध्यमिक तहका शिक्षक भए कम्तिमा २ वर्ष अनुभव र आधारभूत तह (कक्षा ६-८) का शिक्षक भए कम्तिमा ३ वर्ष अनुभव भएका स्थायी शिक्षकहरु।
२. प्राप्त आवेदनहरुमध्ये शैक्षिक योग्यता, वरिष्ठता, कार्य अनुभव र भौगोलिक अवस्थालाई समेत मध्ये नजर गरि खटाइने छ।
३. सम्बन्धित विद्यालयमा कार्यरत शिक्षकलाई केन्द्राध्यक्षका रुपमा खटाईने छैन।
४. एक विद्यालयबाट बढिमा ३ जना शिक्षकलाई मात्र केन्द्राध्यक्षमा खटाइनेछ।
५. आवेदन पेश गर्दा स्थायी नियुक्ति मिति र शैक्षिक योग्यता खुल्ने गरि पठाउनु पर्नेछ।

११।२८

कृष्ण प्रसाद सापकोटा
(प्रमुख प्रशासकीय अधिकृत)
प्रमुख प्रशासकीय अधिकृत

# निवेदनको ढाँचा

मिति :- २०८२/..../...

श्री ........................................... ज्यू,
शितगंगा नगरकार्यपालिकाको कार्यालय, ठाडा, अर्घाखाँची।

विषय :- केन्द्राध्यक्ष छनोट सम्बन्धमा।

प्रस्तुत विषयमा तहाँ कार्यालयको च.नं..... मिति २०८२।....।.... को सूचना बमोजिम शैक्षिक सत्र २०८२ सालको आधारभूत शिक्षा परीक्षा (कक्षा ८) को वार्षिक परीक्षा सञ्चालन तथा व्यवस्थापनका सन्दर्भमा परीक्षा केन्द्राध्यक्ष छनोट प्रयोजनार्थ मेरो योग्यता उपयुक्त भएको हुँदा यदि उक्त जिम्मेवारी प्राप्त गरे प्रचलित कानूनको परिधि भित्र रही काम, कर्तव्य निर्वाह गर्ने प्रतिबद्धताका साथ यो निवेदन पेश गरेको छु।

निवेदक

दस्तखत :
नाम, थर :...............................................
कार्यरत विद्यालय :.......................................
स्थायी नियुक्ति मिति :....................................
कार्यरत तह :...............................................
अध्यापन गर्ने विषय :......................................
शैक्षिक योग्यता :..........................................
स्थायी ठेगाना :.............................................
सम्पर्क नं. :...............................................